# बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशागत गुणहरू

शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन
विषय विशिष्टीकरण अन्तर्गतको आंशिक आवश्यकता पूरा
गर्नको लागि तयार पारिएको

**शोधपत्र**

शोधकर्ता
यादवबहादुर बस्नेत
परीक्षा रोल नं. : २८०१३७/२०६६
त्रि.वि. रजिष्ट्रेशन नं. : ७८९-८५

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ
२०७०

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुर, काठमाडौं पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा गर्नका लागि **श्री यादवबहादुर बस्नेत**ले **"बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशागत गुणहरु"** शीर्षक मेरो निर्देशनमा रही शोधपत्र तयार पार्नुभएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म पूर्ण रुपमा सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

................................

शोध निर्देशक

शरणहरि श्रेष्ठ

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुर, काठमाडौँ, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका लागि शिक्षा विषयको पाठ्यक्रम अनुरुप शिक्षा शोध पाठ्यांशका निमित्त **श्री यादवबहादुर बस्नेत**ले **"बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशागत गुणहरु"** शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ :-

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा. स्वयंप्रकाश ज.ब.रा.<br>विभागीय प्रमुख<br>पाठ्यक्रम तथा मूल्याङ्कन विभाग | ................................ |
| २. शरणहरि श्रेष्ठ<br>शोध निर्देशक | ................................ |
| ३. प्रा. कुलनरसिंह श्रेष्ठ<br>बाह्य परीक्षक | ................................ |

मिति : २५ अगस्त २०१३

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि “बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताको पेशागत गुणहरु” शीर्षकमा शोधपत्र लेख्ने कार्य सम्पन्न गरी प्रस्तुत गरेको छु ।

यस शोध अध्ययन कार्यमा सुरुदेखि अन्त्यसम्म नियमित निर्देशन र महत्वपूर्ण सुझावहरु दिई पथप्रदर्शन गर्नुहुने त्रि.वि. शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्यांकन विभागका विभागीय प्रमुख प्रा.डा. स्वयमंप्रकाश ज.ब.रा., शोधनिर्देशक शरणहरि श्रेष्ठज्यूप्रति हृदयदेखि आभार प्रकट गर्दछु ।

यस अध्ययनको लागि आवश्यक तथ्यांक संकलन गर्ने क्रममा सहयोग पुऱ्याइदिनुहुने बगाहा गा.वि.स. र त्रि.न.पा.–८ का बालविकास केन्द्रका प्र.अ., सहयोगीकर्ता, स्रोतव्यक्ति, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण विद्यालय परिवारलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस शोधपत्रलाई टङ्कन गरी सहयोग पुऱ्याउने ऐकेडेमिक कम्प्युटर लिङ्क, कीर्तिपुरलाई पनि धन्यवाद दिन चाहन्छु ।

**यादवबहादुर बस्नेत**

# शोधसार

प्रस्तुत शोधपत्र पूर्व प्राथमिक तहमा अध्यापनरत सहयोगीकर्ताको पेशागत गुणहरुको अवस्था पहिचान गर्ने सम्बन्धमा सञ्चालन गरिएको थियो । यसको लागि उदयपुर जिल्लामा अवस्थित बगाहा गा.वि.स. र त्रि.न.पा.–८ लाई उद्देश्यमूलक नमुना छनोट विधिद्वारा चयन गरिएको थियो । यस अध्ययनको उद्देश्य पूरा गर्ने क्रममा विभिन्न साहित्यहरुलाई आधार मानिएको थियो । अध्ययनको लागि यी क्षेत्रअन्तर्गत रहेका जम्मा ४४ ओटा बालविकास केन्द्रहरुमध्ये गोलाप्रथा विधिबाट बगाहा गा.वि.स. का ३ त्रि.न.पा.–८ का ३ गरी जम्मा ६ वटा कक्षाहरुलाई नमुनाको रुपमा लिइएको थियो । त्यसैगरी ती ६ वटै बालविकास केन्द्रमा अध्यापन गराइरहेका सहयोगीकर्ता, दुई जना स्रोत व्यक्ति, ६ जना बालविकास केन्द्र सञ्चालन भएका विद्यालयका प्र.अ., अध्ययनरत १८ जना बालबालिका र तिनैका अभिभावकहरुलाई अध्ययनको सुचना सङ्कलन गर्नका लागि लिइएको थियो ।

आवश्यक सूचना सङ्कलन गर्न अभिभावक, प्र.अ., स्रोतव्यक्तिलाई एउटै खालको अन्तर्वार्ता लिइएको थियो भने बालबालिकाहरुलाई पनि अन्तर्वार्ता लिइएको थियो । कक्षा शिक्षणको क्रममा सहयोगीकर्ताको कक्षा अवलोकन गरिएको थियो जसबाट प्राप्त सूचनाहरुबाट सहयोगीकर्ताको पेशागत गुणको अवस्था पहिचान गरिएको थियो । त्यसैगरी सहयोगीकर्ताले पेशा अवलम्बन गर्दा भोग्नु परेका समस्याहरु पहिचान गर्ने सहयोगीकर्तालाई अन्तर्वार्ता लिइएको थियो भने ती समस्याहरु समाधानका उपायहरु पत्ता लगाउन सहयोगी शिक्षक, स्रोतव्यक्ति र प्र.अ. हरुलाई गा.वि.स. गत रुपमा समूह बनाई समूह छलफल गराइएको थियो ।

प्राप्त विभिन्न सूचना र जानकारी अनुसार सहयोगीकर्ताहरुमा विषयवस्तुको ज्ञान सम्बन्धी १८ (६९.२९%) जना उत्तरदाताले मध्यम प्रतिक्रिया दिएका थिए । त्यसैगरी कक्षा व्यवस्था सम्बन्धी १५ (५७.६९%) जना, बालबालिकाको रुचि र क्षमता सम्बन्धी १७ (६५.३८%) जना र स्थानीय शैक्षिक सामग्रीको प्रयोग १८ (६९.२३%) जनाको प्रतिक्रिया मध्यम किसिमको रहेको पाइयो भने अनुशासनमा १६ (६१.५३%) जना, उपलब्धि अध्ययनशीलता र जिज्ञासुमा १८ (६९.२३%) जना, मिहेनेतमा २३ (८८.४६%) जना उत्तरदाताहरुको प्रतिक्रिया मध्यम रहेको पाइयो तर उपस्थितिमा २३ जना र बालबालिकाहरुसँगको व्यवहार सम्बन्धी १५ जनाको प्रतिक्रिया उत्तम रहेको देखियो ।

त्यसैगरी कक्षा अवलोकन र बालबालिकाहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई केलाउँदा पनि सहयोगीकर्ताको पेशागत गुण मध्यम नै रहेको पाइयो । सहयोगीकर्ताहरुले बालविकास केन्द्रमा अध्यापन गर्दा विभिन्न समस्याहरु जस्तै शैक्षिक सामग्री, निर्देशिका, स्रोत सामग्री आदिको कम उपलब्धता न्यून तलब,

विभिन्न पक्षहरुको न्यून सहयोग, अन्य कार्यहरुमा सहभागी हुने निम्न अवसर आदि समस्याहरु भोग्नु परेको देखिन्छ ।

सहयोगीकर्ताले पेशा अवलम्बन गर्दा समस्याहरु भोगिरहेको देखिन्छन् । जसको समाधानका लागि विभिन्न खालका तालिम, सेवा सुविधामा पर्याप्तता, शैक्षिक सामग्री, स्वअध्ययन, निर्देशिका आदिको पर्याप्त व्यवस्था, पेशागत सुरक्षाको प्रत्याभूति आवश्यक, पाठ्यक्रम सुधार, बालविकास केन्द्रबारे चेतना आदि जस्ता पक्षहरुमा जोड दिनु पर्ने देखिन्छ । जसले गर्दा बालविकास केन्द्रलाई सहज र अर्थपूर्ण बनाउन सकिन्छ ।

# विषयसूची


| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधसार | iv |
| विषयसूची | vi |
| तालिकासूची | ix |

**परिच्छेद एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| | १.१.१ प्रारम्भिक बालशिक्षाको विकासमा अन्तर्राष्ट्रिय प्रयास | ५ |
| | १.१.२ नेपालमा बालविकास केन्द्रको विकासक्रम र वर्तमान अवस्था | ६ |
| | १.१.३ शिक्षण सिकाइमा सहयोगीकर्ताको भूमिका | ७ |
| १.२ | समस्याको कथन | ८ |
| १.३ | अध्ययनको औचित्य | ९ |
| १.४ | अध्ययनको उद्देश्यहरु | १० |
| १.५ | अध्ययनका सीमाङ्कन | १० |
| १.६ | परिभाषित शब्दावली | ११ |

**परिच्छेद दुई : साहित्यको पुनरावलोकन**

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक साहित्य तथा अध्ययनहरु | १२ |
| २.२ | अवधारणात्मक ढाँचा | १५ |

**परिच्छेद तीन : अध्ययन विधि**

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान ढाँचा | १७ |
| ३.२ | अध्ययनको क्षेत्र | १७ |
| ३.३ | नमुना छनोट प्रक्रिया | १७ |
| | ३.३.१ विद्यालय छनोट | १७ |

३.३.२ बालबालिका छनोट १७
३.३.३ सहयोगीकर्ता छनोट १८
३.३.४ प्र.अ.को छनोट १८
३.३.५ स्रोत व्यक्ति छनोट १८
३.४ साधनको निर्माण १८
३.४.१ अन्तर्वार्ता निर्देशिका १८
३.४.२ कक्षा अवलोकन फाराम १९
३.४.३ समूह छलफल निर्देशिका १९
३.५ साधनको वैधता १९
३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया १९
३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया २०

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा व्याख्या**

४.१ सहयोगीकर्ताको पेशागत गुणको अवस्था २१
४.१.१ सहयोगीकर्ताको पेशागत गुणको अवस्थाको सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिहरुबाट प्राप्त प्रतिक्रिया २२
४.१.२ सहयोगीकर्ताहरुको पेशागत गुणहरुको सम्बन्धमा बालबालिकाहरुबाट प्राप्त प्रतिक्रिया २८
४.१.३ सहयोगीकर्ताको पेशागत गुण सम्बन्धी कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क ३१
४.२ सहयोगीकर्ताका पेशा अवलम्बनमा भोगेका समस्याहरु ३३
४.३ सहयोगीकर्ताहरुको पेशागत समस्याहरुको समाधानका लागि अपनाउनु पर्ने उपायहरु ३६

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति ३८
५.२ निष्कर्ष ४०
५.३ सुझाव ४०
सन्दर्भसामग्री ४२
परिशिष्ट – १ : कक्षा अवलोकन फाराम ४४
परिशिष्ट – २ : प्र.अ. को लागि तयार गरिएको असंरचित अन्तर्वार्ता प्रश्नावली ४५
परिशिष्ट – ३ : सहयोगीकर्ताको लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली ४६
परिशिष्ट – ४ : स्रोत व्यक्तिको लागि असंरचित अन्तर्वार्ता प्रश्नावली ४७

परिशिष्ट – ५ : बालबालिकाहरुको लागि तयार गरिएको असंरचित अन्तर्वार्ता ४८
परिशिष्ट – ६ : छनोटमा परेका सहयोगीकर्ताको नामावली ४९
परिशिष्ट – ७ : छनोटमा परेका बालविकास केन्द्रको नामावली ५०
परिशिष्ट – ८ : छनोटमा परेका बालविकास केन्द्रका प्र.अ. हरुको नामावली५१
परिशिष्ट – ९ : छनोटमा परेका स्रोतव्यक्तिको नामावली ५२
परिशिष्ट – १० : छनोटमा परेका अभिभावकहरुको नामावली र ठेगाना ५४
परिशिष्ट – ११ : व्यक्तिगत विवरण ५५

# तालिका सूची


तालिका ४.१ : सहयोगीकर्ताको पेशागत गुणहरु (ज्ञान) को अवस्थाको सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रक्रिया २२

तालिका ४.२ : सहयोगीकर्ताको पेशागत गुणहरु (सीप) को अवस्थाको सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रक्रिया २३

तालिका ४.३ : सहयोगीकर्ताको पेशागत गुणहरु (प्रवृत्ति) को अवस्थाको सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रक्रिया २५

तालिका ४.४ : सहयोगीकर्ताको पेशागत गुणहरु (ज्ञान, सीप, प्रवृत्ति) को सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रियाको समष्टिगत अवस्था २७

तालिका ४.५ : सहयोगीकर्ताहरुको पेशागत गुणहरुको सम्बन्धमा बालबालिकाहरुबाट प्राप्त प्रतिक्रिया २९

तालिका ४.६ : सहयोगीकर्ताको पेशागत गुण सम्बन्धमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क ३१

तालिका ४.७ : सहयोगीकर्ताका पेशा अवलम्बनमा भोगेका समस्याहरु ३४